**नेवा सेकुवा पसः**
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२

यहाँ शुद्ध खसी र कुखुराको मासुका परिकार पाइन्छ ।

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ असोज १९ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 October 05 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ४८

# नेपाली बजारमा मल नपाइने
# भारतबाट ल्याउन नदिएपछि किसानलाई समस्या

> सर्वसुलभरूपमा मलको व्यवस्था, ट्याक्टरमा लाग्ने कर खारेज, कृषि बीमा, कृषि ऋणको व्यवस्था तथा किसानलाई पेन्सनको व्यवस्थाको माग गर्दै रौतहटमा किसानहरूले आन्दोलनसमेत गरे तर सरकारले किसानका समस्याहरूको बारेमा ध्यान नदिएपछि अहिले उत्पादन पनि घट्न थालेको छ ।

राकेश यादव, रौतहट, १८ असोज/

रौतहटका बजारहरूमा युरिया मलको अभाव छ र भारतीय सीमा क्षेत्रका बजारबाट ल्याउँदा कानूनी झन्झटको सामना गर्नुपरिरहेको किसानहरूले बताएका छन् ।

नेपाली बजारमा नपाइने र भारतबाट ल्याउन नदिएपछि किसानलाई समस्या बढेको छ। धानखेती गरेका किसानलाई अहिले रासायनिक मल आवश्यक छ, गापाका किसान सञ्जीव बैठाले बताए ।

जसोतसो गरी किसानले भारतीय बजारबाट ल्याएका मलखाद पनि सीमा क्षेत्रका सुरक्षाकर्मीले खोस्ने गरेकाले किसान पीडित हुने गरेको प्रदेशसभा सदस्य बाबुलाल साह बताउँछन् । किसानका समस्याबारेमा केन्द्र तथा प्रदेश सरकारलाई पटक–पटक अवगत गराए पनि सुनुवाइ नभएको सांसद साहले बताए । किसानका विभिन्न आन्दोलनको किसानहरूले मागबमोजिम अहिले अत्यावश्यक रहेको युरिया मल पाउन


तस्वीर : फाइल/प्रतीक

तर बजारमा मल छैन। बर्सेनि मलखादको समस्या भोग्नुपरेका किसानले खेतीबाट पलायन हुने अवस्था आउन लागेको प्रतिक्रिया दिन थालेका छन् ।

नेपालमा वर्षे धान, चैते, भदैया, घैया र हिउँदे धानखेती हुने गर्छ । नेपालमा खेती गरिने कुल क्षेत्रफलको ४७ प्रतिशत जमीनमा धानखेती हुन्छ । अन्नबाली उत्पादनको कुल क्षेत्रफलको करीब ४३ प्रतिशतमा धानखेती हुने गरेको र कुल अन्नबाली उत्पादनमा ५३ प्रतिशत धानले हिस्सा ओगटेको छ।

धानबाली लगाएका किसानले मलखादको चरम अभाव भोगेको र कृषि सामग्रीकै अभावमा उत्पादन घटेको उनीहरूको आरोप छ ।

लगानीभन्दा फाइदा कम हुन थालेपछि किसानले खेती गर्ने वा नगर्ने अन्योलमा परेको बताउन थालेका छन्। सिंचाइको उचित व्यवस्था छैन, कृषि प्राविधिकहरू किसानको खेतमा पुग्दैनन्। खर्च धेरै, आम्दानी कम हुन थालेको यमुनामाई अगुवाइ गरिरहेका सांसद साहले सरकारले कृषि यन्त्रमा पनि बढी राजस्व लगाएकोले कृषि पेशा सङ्कटमा पर्दै आएको बताए ।

गढीमाई नपाका किसान हरेन्द्र यादव भन्छन्– नेपालमा मल पाइँदैन, भारतबाट ल्याउन सजिलो छैन। ४० रुपैयाँ किलो मल किनेर २० रुपैयाँ किलोमा धान बेच्नुपरेकोले यो अवस्था विद्यमान हुन्जेल किसान कसरी बाँच्ने उनी प्रश्न गर्छन्। अवस्थामा सुधार्नुपर्छ, अनि किसान कसरी बाँच्छ, उनको तर्क थियो ।

**मलखादको माग र आपूर्तिमा छैन तालमेल**

१० बोरा आवश्यक रहेको किसानले दुई बोरा मुश्किलले पाउने गरेको चन्द्रपुर नगरपालिकाका किसानहरूले बताए । सकेका छैनन् । किसानले भारतबाट आफैंले लुकीछिपी मल ल्याउने गरेका छन् । भारतबाट त्यसरी मल ल्याउन निकै हैरानी खेप्नुपर्छ ।

सिमानामा सुरक्षाकर्मीले रोक्ने, मल ल्याउँदा किसानले थप सास्ती र झन्झट सहनुपर्छ । किसानको बहाना गर्दै व्यापारीले ल्याउने र तस्करी गर्ने गरेकाले सीमामा खटिएका सुरक्षाकर्मीले कडाइ गर्ने गरेका छन् ।

जिल्लामा करीब ४० हजार हेक्टर जमीनमा धानखेती हुने गरेको तथ्याङ्क छ। हरेक वर्ष रोपाइँ र धानलाई रासायनिक मलखाद चाहिने बेलामा अभाव हुन्छ। गत आर्थिक वर्षमा कृषि सामग्री कम्पनी लिमिटेडले जिल्लामा १५५ सहकारी संस्थामार्फत युरिया दुई हजार ८५२ मेट्रिक टन र दुई हजार ३५१ मेट्रिक टन डिएपी बिक्री गरेको थियो । यस आर्थिक वर्षको भदौसम्ममा एक हजार ७५१ मेट्रिक टन युरिया र ३५६ मेट्रिक टन डिएपी मल वितरण गरेको कम्पनीका सूचना अधिकारी गोविन्द घिमिरेले जानकारी दिए ।

अहिले कम्पनीको चन्द्रनिगाहपुरमा रहेको गोदानमा मल छैन। यस्तै, गौरमा रहेको साल्ट ट्रेडिङ डिपोको गोदाम पनि खाली रहेको प्रमुख वासुदेव मिश्रले जानकारी दिए । डिपोले ५५ वटा सहकारीमार्फत मलखाद वितरण गर्दै आएको छ ।

सहुलियतमा वितरण गरिने मल किसानलाई पर्याप्त छैन । तर त्यो मल अधिकांश सहकारी संस्थाले कालोबजारी गर्दै बढी मूल्यमा बिक्री गर्ने गरेको किसानहरूले आरोप लगाउने गर्छन् ।

रौतहटका किसानका लागि अनुदानमा आएको रासायनिक मल गत वर्ष मकवानपुर, सिन्धुली, सर्लाही, बारा जिल्लाका विभिन्न स्थानमा सहकारीसँग मिलेर व्यापारीहरूले लैजाने गरेको पाइएको थियो । सहकारी संस्थाहरूले व्यापारीलाई मल बिक्री वितरणको जिम्मा दिने र व्यापारीले मनलाग्दी मूल्यमा बिक्री गर्ने गरेको किसानको गुनासो छ ।

अनुदानको युरिया मल सहकारी संस्थाहरूले ७ सय २७ रुपैयाँ ५० पैसामा ५० किलोको एक बोरा खरीद गरेर ढुवानी खर्च जोडेर ८ सय ५० रुपैयाँसम्ममा शेयर सदस्यहरूलाई बिक्री गर्न सक्छन् तर सदस्यहरूलाई वितरण नगरी व्यापारीमार्फत दुई हजार रुपैयाँ प्रतिबोरासम्म बिक्री हुने गरेको पाइन्छ। राजनीतिक पहुँच भएका, स्थानीय तहमा निर्वाचितहरू नै कृषि सहकारी संस्थाका हर्ताकर्ता छन् र उनीहरूकै मिलेमतोमा मल कालोबजारी हुने गरेको आरोप छ।

# मास्क सचेतना कि विरोध र्‍याली

प्रस, वीरगंज, १८ असोज/

वीरगंज महानगरपालिकाले मास्क लगाउन चेतना फैलाउने उद्देश्यले सोमवार निकालेको र्‍याली सचेतनाका लागि मात्र हो कि विरोधका लागि महानगरवासीले छुट्टाउन सकेनन् ।

आज महानगरपालिकाले आयोजना गरेको मास्क सचेतना र्‍यालीमा अहिलेको तातो विषयमा नगरप्रमुखले एक तीरबाट दुईवटा निसाना साधेको टीकाटिप्पणी भएको छ । अभियानमा सहभागीहरूले मास्क नलगाएकाहरूलाई मास्क लगाउन सुझाउँदै निश्शुल्क मास्क वितरण गरेका थिए ।

नगरप्रमुख विजयकुमार सरावगी भने विशुद्ध मास्क सचेतनाका लागि र्‍याली


वीरगंज/

नगरप्रमुख, वडाध्यक्ष, वडा सदस्यहरू, कर्मचारीका साथै छात्राहरू सहभागी थिए। छात्राहरू भने मुख्यमन्त्रीको बेटी पढाउ, बेटी बचाउ अभियान अन्तर्गत पाएको साइकलसहितको उपस्थितिले सचेतना र्‍यालीभन्दा मुख्यमन्त्रीको कार्यालयमा अख्तियारले छापामारी गरेको विरोधमा निकालिएको र्‍यालीको अनुभूति महानगरवासीले गरे ।

किनभने मास्क सचेतना र्‍यालीमा साइकल नभएका छात्राहरूलाई सहभागी गराइएको थिएन । यसैगरी, सचेतना र्‍यालीमा छात्रहरूलाई पनि सहभागी आयोजना गरेको दाबी गर्छन् । उनले भने– यसमा कुनै राजनीति छैन । महानगरपालिकाले दिने सबै खाले सेवा लिने सेवाग्राहीका लागि मास्क अनिवार्य गरेको छ ।

सोसम्बन्धी सचेतनाका लागि आज मात्र होइन आइतवार निकालिएको र्‍यालीमा महिला स्वास्थ्यकर्मी पनि सहभागी थिए ।

आजको र्‍यालीमा हामीले साधनसहित छात्राहरूलाई सहभागिताको लागि अपील गरेको र सोही अनुसार सहभागी भएको बताए। तर अख्तियारले छापा मार्नु अनि


पोखरिया /

गराइएको थिएन ।

सचेतना र्‍याली मात्रै हुँदो हो भने अन्य साइकलसहित सबै विद्यार्थी सहभागी हुनुपर्ने थियो । तर त्यसो नभएकोले जनता समाजवादी पार्टीले त्यसको विरोध गरिरहेको बखत सोही पार्टीका नगरप्रमुखले र्‍यालीमा मुख्यमन्त्रीको बेटी

(बाँकी अन्तिम पातामा)

# सिम्रौनगढमा संस्थागतरूपमैं तस्करी शुरू

प्रस, सिम्रौनगढ, १८ असोज/

सिम्रौनगढ नगरपालिकामा फेरि संस्थागतरूपमैं तस्करी शुरू भएको छ।

एकजना स्रोतले यही असोज १५ देखि यहाँ पुरानै तरीकाबाट संस्थागत तस्करी शुरू भएको बताए। तस्करी शुरू भएसँगै सिम्रौनगढ–घोडासहन सीमाबाट तस्करीका मालसामानको ओसारपोसार बढेको छ ।

एक महीनादेखि बन्द रहेको संस्थागत तस्करी एक महीनाको लागि खोलिएको स्रोतको दाबी छ । चाडपर्वमा त्यत्तिकै पनि दुवैतर्फबाट अवैध तरीकाबाट भन्सार छलीका सामानहरू आउने जाने कार्य हुन्थ्यो । यसैको फाइदा उठाएर प्रहरी

(बाँकी अन्तिम पातामा)


तस्वीरः प्रतीक

चाड पर्वको बेला
सवारीसाधनमा भीडभाड नगरौं,
मादक पदार्थ सेवन गरी
सवारी साधन नचलाऔं ।

**दुर्घटनाबाट आफू पनि बचौं**
**अरूलाई पनि बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

**आन्तरिक राजस्व कार्यालय सिमरा, बाराको करको दायरामा आउनेलाई कर, शुल्क तथा ब्याज मिनहासम्बन्धी सूचना**

चिकित्सक, कलाकार, पत्रकार, खेलाडी, इन्जिनीयर, कानून व्यवसायी, लेखापरीक्षक, लेखापढी व्यवसायी, परामर्शदाता, अभिकर्ता तथा मध्यस्थकर्ता सेवा प्रदायकलगायत प्राकृतिक व्यक्तिले आर्थिक वर्ष २०७५/७६, २०७६/७७ र २०७७/७८ को आफ्नो करयोग्य आयमा आयकर ऐन, २०७८ बमोजिम लाग्ने कर विक्रम संवत् २०७८ साल फागुन मसान्तभित्र बुझाइ स्थायी लेखा नम्बर लिएमा सोमा लाग्ने शुल्क तथा ब्याज मिनहा हुने र आर्थिक वर्ष २०७५/७६ भन्दा अगाडिको आयमा आयकर ऐन, २०५८ बमोजिम लाग्ने कर, शुल्क तथा ब्याज र आर्थिक वर्ष २०७७/७८ सम्मको कारोबारमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम लाग्ने कर, थप दस्तुर तथा ब्याज मिनहा हुने आर्थिक विधेयक, २०७६ ले व्यवस्था गरेकोले छुट सुविधा उपयोग गरी लाभान्वित हुन अनुरोध छ ।

**सम्पर्क नं. : ०५३–५२०११३, ५२०२४३**
**इमेलः iro16@ird.gov.np**

## विचारसार र सूक्तिहरू

**संयमले हाम्रो चरित्रको मूल्य बढाउँछ, तर मित्र र परिवारले हाम्रो जीवनको मूल्य बढाउँछन् ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# लालको जमीन अतिक्रमण

**बारा निजगढ नगरपालिकाको क्षेत्रमा मकवानपुरका एक व्यक्तिले सार्वजनिक जमीन अतिक्रमण गरी निजीकरण गरेको भन्ने समाचार लगातार सार्वजनिक भइरहेको दुई वर्ष पुग्यो। सार्वजनिक जमीन अतिक्रमण भएकोमा स्थानीय बासिन्दा असन्तुष्टि जाहेर गरिरहेका छन्, सञ्चारकर्मी समाचार लेखिरहेका छन्, अधिकारप्राप्त निकाय मौन छ, अतिक्रमणकारी अतिक्रमणलाई झन् मजबूत बनाउन तल्लीन छ । बाराको निजगढ नगरपालिका वडा नं १० लाल र मकवानपुर जिल्लाको बकैया गाउँपालिका वडा नं ६ को सीमा जोडिएको छ। बकैया–६ तर्फ सीमावर्ती क्षेत्रका बासिन्दा सुमन सिं लोप्चनले आफ्नो जग्गाको सीमा विस्तार गर्दै बारा जिल्लातर्फको करीब दुई बिघा सार्वजनिक जमीन मिचेको भन्ने मुख्य मुद्दा हो । लोप्चन उक्त जग्गा आफ्नै लालपुर्जा नक्शाभित्रको भएको र सोको वरिपरि हाल पर्खाल मात्रै लगाएको दाबी गर्छन् भने अतिक्रमणका विरोधी पक्षधरहरू लोप्चनले पर्खाल लगाएर घेराबार गरेको जग्गा नक्शाभन्दा करीब दुई बिघा बढी भएको बताउँछन् । यस सम्बन्धमा सम्बन्धित क्षेत्रका वन एकाइमा समेत स्थानीय खानेपानी उपभोक्ता समितिले जाहेरी दिएको र वन एकाइले लोप्चनलाई आफ्नो जग्गाको सम्पूर्ण कागजात लिएर कार्यालयमा हाजिरी हुन निर्देशन दिएको थियो । तर लोप्चनले हालसम्म कागजात पेश नगरे पनि थप कुनै कारबाई भएको छैन ।**

**सार्वजनिक तथा सरकारी जग्गा, सम्पत्ति एवं सम्पदा जोगाउने मुख्य जिम्मेवारी सरकारको हो । वर्तमान प्रणाली अनुसार यस्ता विषयमा तीन तहका सरकारमध्ये सबैभन्दा बढी जिम्मेवारी स्थानीय सरकारको हुन्छ। कुनै पनि घटनाको वास्तविक धरातल तथा यथार्थ स्थानीयस्तरमा जानकारी हुने भएकाले पनि स्थानीय तहको भूमिका महत्त्वपूर्ण हुन्छ । त्यसैगरी, नेपाल सरकारका विभागीय एकाइहरू छन् । उक्त एकाइहरूले आफ्नो क्षेत्रमा सम्बन्धित विषय तथा पक्षबारे जानकारी राख्ने, निगरानी गर्ने र कारबाई गर्ने जिम्मेवारी हुन्छ । कतिपय अवस्थामा यस्ता निकायहरू गलत पक्षबाट प्रभावित भइदिंदा समस्या हुन्छ । जिम्मेवारी तथा दायित्व बोकेको व्यक्ति वा संस्था जहाँ निकम्मा हुन्छ, त्यहाँ ऐन, कानूनविपरीत क्रियाकलापहरू बढ्छन् । यस्ता प्रवृत्तिले बढावा पाएमा अराजकता निम्तिन्छ र त्यसले कानून एवं कानूनी अधिकारप्राप्त निकायहरूलाई नै पङ्गु बनाइदिन्छ ।**

**निजगढ क्षेत्रका अधिकारप्राप्त निकायहरू भूमि अतिक्रमणकारी पक्षसँग प्रभावित भएका हुन् वा निकम्मा या पङ्गु भएका हुन्, अनुसन्धानको विषय बन्न सक्ला । आफ्नो जवाफदेही क्षेत्रभित्रका सार्वजनिक जमीन अतिक्रमण भएको भन्ने मुद्दा सार्वजनिकरूपमा उठेपछि वास्तविकता के हो ? प्रस्ट पार्ने दायित्व अधिकार प्राप्त निकायको हो । यस मुद्दामा अधिकारप्राप्त निकाय निजगढ नगरपालिका, डिभिजन वन कार्यालय र जिल्ला प्रशासन कार्यालय हुन् । पालिका र जिल्ला प्रशासन बोल्न सकेको छैन । डिभिजन वन एकाइको जवाफ गैरजिम्मेवारपूर्ण छ । जग्गाधनीलाई जग्गाको कागज प्रमाण लिएर उपस्थित हुन भनेको तर कागज प्रमाण पेश नगरेको वनको भनाइ छ । उसो हो भने वनसँग नक्शा छैन ? वनसँग सीमा जोडिएका जग्गाधनीहरूले यसैगरी अतिक्रमण गर्दै गएमा प्रमाण मागेर बस्ने कि आफूसँग रहेको प्रमाणको आधारमा कारबाई गर्ने ? लालको अतिक्रमणमा कारबाई गर्नेभन्दा पनि बढावा दिन खोजिएको देखियो ।**

# देशमा राजनीतिक प्रहसन

स्वतन्त्र विचार



**राजेन्द्रप्रसाद कोइराला**
(A PhD Scholar)

> **हालको गठबन्धनको अक्षमताले जनताको सहानुभूति नाटकीय ढङ्गले ओलीतर्फ आकर्षित हुने सम्भावना धेरै देखिन्छ । अनि फेरि आपसी झगडा, स्वार्थ सिद्ध हुन नसकेमा फेरि माधव नेपाल र झलनाथजस्ता यदुवंशीहरूको जन्म । यो अनन्तकालको राजनीतिक प्रहसन कहिलेसम्म ?**

२०१७ सालदेखिको दल विभाजनको सिलसिला २०४८ सालपछि भयावह देखिन थाल्यो। गिरिजाप्रसाद कोइरालाको प्रधानमन्त्रीत्वकालमा यसले विकराल रूप देखिन थाल्यो। चौहत्तरे र छत्तीसेको रडाँकोले बहुमतको सरकार विघटन गरेर देश मध्यावधि चुनावमा होमियो । त्यसपछि देशको सार्वभौमसत्ता कमजोर हुन थाल्यो । देशमा सुत्केरी–भत्ता, प्राडो होडबाजी, सांसद किनबेचको घिनलाग्दो खेल शुरू भयो । उता कम्युनिस्ट पार्टीमा पनि त्यही सिकोगरी वामदेव गौतमको नेतृत्वमा दल विभाजन भयो। त्यसपछि संसदीय प्रणाली नै यति बदनामा भयो कि शब्दमा बयान गर्न सकिंदैन। संसदीय प्रणालीको विकृत रूप र गिरिजाप्रसाद कोइरालाको अहङ्कार र कोइरालावादको हुँकारले गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, दमननाथ ढुङ्गाना, लोकराज बराल, कृष्ण खनालजस्ता देशका धेरै होनहार नेता काङ्ग्रेस पार्टी नै छाड्न बाध्य भए । चैते काङ्ग्रेसीको बिगबिगी शुरू भयो । परिणामस्वरूप पीडित र शोषित जनताको मसिहाको रूपमा माओवादीको उदय भयो। देश १० वर्षको द्वन्द्वमा प्रवेश गऱ्यो। ०६२–६३ को दोस्रो जनान्दोलनपछि देशमा ठूलो राजनीतिक परिवर्तन त भयो, तर माओवादीहरू पनि संसदीय भासमा भासिन पुगे । त्यो दल, जसले देशबाट २४० वर्षको राजतन्त्र नेस्तनामुद गरी गणतन्त्र स्थापनाका लागि अनपेक्षित भूमिका खेल्यो, त्यस पार्टीको हालत आज देख्दा दया लागेर आउँछ । टुक्राटुक्रा भएको छ माओवादी पार्टी, प्रचण्डले मानसिक सन्तुलन गुमाउने हुन् कि भन्ने आशङ्का सिर्जना भएको छ । मधेसका मसिहा बनेका मधेसी दलको त्यही हालत छ । जनताले यी जाली फटाहाहरूलाई विश्वास गर्न छाडिसके । जनतामा ठूलो निराशा र वितृष्णाको बीजारोपण भएको छ । सङ्घीयताको नाममा प्रदेश र स्थानीय निकायको भ्रष्टाचारको दिनानुदिनको समाचारले यो व्यवस्थालाई नै बदनाम गरिसक्यो। पद र पोजिशनको हानाथापमा एक अर्कालाई धारेहात लगाई सुधारिएको भनिएको संसदीय प्रणाली त झन यति बदनाम भएको छ कि बयान गरी साध्य छैन ।

दुईतिहाईको ओली सरकारबाट जनतामा केही आशा र अपेक्षाको रक्तसञ्चार भएको थियो। त्यसमा पनि तुषारापात भयो। अन्तोत्वगत्वा प्रचण्डको षड्यन्त्र र ध्वंसको सिद्धान्तले एमालेलाई पनि फेरि फुटाइछाड्यो र देश झन् कमजोर भयो, जसले गर्दा देश अहिले विदेशीहरूको सिङौरी खेल्ने मैदान भएको छ। राजनीतिक दलको जति विभाजन हुन्छ, त्यति देशको सार्वभौमसत्ता कमजोर हुँदै जान्छ । दलको विभाजनले जनता पनि विभाजित हुन्छ । जब जनता विभाजित हुन्छ, देश गृहयुद्धको द्वन्द्वको दलदलमा फस्छ। यही मौकामा विदेशीहरू आफ्नो स्वार्थ पूरा गर्न दलहरूबीच फोड र राज गरको सिद्धान्त प्रयोग गर्छन् । एमसिसी त्यसैको परिणाम हो ।

झन्डै ७७ दिन पुग्न लागिसक्यो असक्षमको डाम लागेका शेरबहादुर देउवा ले अहिलेसम्म मन्त्रिमण्डललाई पूर्णता दिन सकेका छैनन् । अध्यादेशमार्फत दलको २० प्रतिशत नेताहरूले दल विभाजन गर्न पाउने ऐन पासगरी अर्को कलङ्कको टीका शेरबहादुर देउवाले लगाइसके ।

दलका झोलेहरूले कहिले बुझ्लान् यो विकृति र विसङ्गतिको नाङ्गो रूप, अनि हामी तिनै नेता र मन्त्रीहरूको पिछ्लग्गु भएर आफूले ठूलो पौरख गरेको ठान्दछौं । २०४६ सालदेखि आजसम्म तिनै भोकाएका लुटेराहरूको अनुहार रातो पिरो भएको देख्नबाहेक के पायौं र हामी नेपाली जनताले ? माओवादी भनाउँदा जङ्गली पशुहरूले सोझासाझा जनतालाई भ्रम बेचेर कति झुक्याएछन् त ! १७००० जनताको रगतको होली खेलेर आज उनीहरूको विलासी जीवन देख्दा र त्यस्तालाई सर्वहारा वर्गको मुक्तिदाता भन्दा लाज पनि लाज लाग्छ ।

अब केही दिनमा तपाईंले राम्ररी चिनेको एउटा झुर व्यक्ति मन्त्री बन्छ त्यसपछि तपाईंले जोगाइराखेको सारा भ्रम समाप्त हुन्छ । सामान्य पढाइ, राजनीतिक इतिहास नभएको, जग्गा दलाल वैदेशिक रोजगार–व्यवसाय गरेर पैसो कमाएको र त्यही पैसाको बलमा सांसद र मन्त्रीसमेत बनेको ज्यूँदो इतिहासको साक्षी बस्नुपर्नेछ। अझ तिनै मन्त्रीलाई मुख्य अतिथि बनाएको कार्यक्रममा तपाईं आफ्ना सडेगलेको अहम् लिएर उपस्थित हुनुहुनेछ, ताली बजाउनुहुनेछ, मञ्चमा आसन सेयर गर्नुहुनेछ र भाषणमा बातैपिच्छे ‘माननीय मन्त्रीज्यू’ सम्बोधन लगाई सम्मान व्यक्त गर्नुहुनेछ । प्रशंसाको पुल बाँध्नुहुनेछ र जिल्लामा विकासको मूल फुटेको सपना देख्नुहुनेछ । मन्त्रीसँग खिचाएको फोटो सगौरव सामाजिक सञ्जालमा सेयर गर्नुहुनेछ। त्यो बेला अनुभूति हुनेछ पतन हुन अब केही बाँकी छ ?

एउटा पागल नाङ्गै हिंडिरहेको थियो। उसको छेउमा अर्को पागल आयो। यसले कट्टु लगाएको थियो । कट्टु लगाउनेले नाङ्गोलाई भन्यो–“हेर हेर, पागल, नाङ्गै हिंड्न लाज लाग्दैन ? ला, बरु मैं दिन्छु कट्टु । मैले त लगाइराकै छु, तँजस्तो नाङ्गो छैन ।”

आफूले लगाइरहेको कट्टु दिंदै भन्यो– “यो लगा, नाङ्गो नबस् । कम्तिमा म जस्तै कट्टु मात्रै भए नि लगा” । अहिलेको सरकार परिवर्तन पनि यस्तै हो ।

अध्यादेशमार्फत जुन हरकत शेर बहादुरले प्रस्तुत गरे त्यसले काङ्ग्रेसको भालिको राजनीतिलाई पछिल्लोपटकको चुनावभन्दा अगाडि शेरबहादुरले सुशीला कार्की, नवराज सिलवाल र बिबिसीको उनको एउटा अन्तर्वार्ताले जसरी चुनावताका हरिबिजोग भएको थियो, त्योभन्दा कारुणिक स्थितिमा काङ्ग्रेस पुग्नेछ । दुईचार जान गगन, विश्वप्रकाश, र प्रदिप पौडेल उफ्रेर केही हुनेवाला छैन। शेरबहादुरले काङ्ग्रेसको विरासत नै नेस्तनामुद पार्ने भए । उता माओवादी को हालत झन् दयनीय हुनेछ । सजिलै अनुमान गर्न सकिन्छ, आउँदो चुनावमा जनताले प्रचण्डलाई कुनै हालतमा निर्वाचित गर्ने छैन। जनता अब सधैं मूर्ख बन्नेवाला छैन, धेरैको अवस्था पछिल्लो चुनावताका डा. शेखर कोइराला, महेश आचार्य, रमेश रिजाल जस्तो हुनेछ। यिनीहरू कहिल्यै सुध्रिनेवाला छैनन् ।

यसो विचार गर्दा, फेरि पनि आउँदो चुनावमा कहीं ओलीकै बोलवाला त हुने होइन ! जतिसुकै नकारात्मक कुरा गरे पनि आखिर उनले, लगभग साढे तीन वर्षको अवधिमा, १६ महीना त कोभिडले देश नै ठप्प थियो, काम त निकै गरेको तथ्याङ्कले भन्छ नि ! र यता हालको गठबन्धनको अक्षमताले जनताको सहानुभूति नाटकीय ढङ्गले ओलीतर्फ आकर्षित हुने सम्भावना धेरै देखिन्छ । अनि फेरि आपसी झगडा, स्वार्थ सिद्ध हुन नसकेमा फेरि माधव नेपाल र झलनाथजस्ता यदुवंशीहरूको जन्म । यो अनन्तकालको राजनीतिक प्रहसन कहिलेसम्म ?

अन्त्यमा जे जति हामीले दलहरूलाई सरापे वा राजनीतिलाई गाली गरे पनि, जबसम्म देशको राजनीति सप्रिंदैन देशले यो नियति भोगिरहनुपर्छ । राजनीति दलहरूमा चेतना भया !

# मधेसमा रोजगारको व्यवस्था आवश्यक –अध्यक्ष ठाकुर

राजविराज, १८ असोज/रासस

लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुरले मधेसमा स्वास्थ्य, शिक्षा र रोजगारको व्यवस्था हुनुपर्ने बताएका छन् ।

सप्तरीको राजविराजमा सोमवार आयोजित पत्रकार सम्मेलनमा उनले मधेसमा अधिकांश युवा बेरोजगार रहेकाले उनीहरूलाई स्वदेशमा नै रोजगारको व्यवस्था र अवसर सिर्जना गर्नुपर्नेमा जोड दिए । उनले मधेस आन्दोलनका बेला लगाइएको मुद्दा खारेज हुनुपर्ने माग गर्दै नागरिकतासम्बन्धी विधेयक पारित हुनुपर्ने आवश्यकता औंल्याए ।

उनले जनान्दोलन र मधेस आन्दोलनका बेला राखिएका माग पूरा गर्नुपर्ने स्मरण गराए । “जनसङ्ख्याको आधारमा स्थानीय तहको पुनर्संरचना हुनुपर्छ,” अध्यक्ष ठाकुरले भने ।

सो पार्टीका वरिष्ठ नेता राजेन्द्र महतोले विगतमा उठाइएका मधेस अधिकार र पहिचानसहितका माग पूरा हुन नसकेको बताए। विचारको आधारमा पार्टी गठन भएको भन्दै उनले केही पार्टी स्वार्थमा लागेका कारण मधेसी जनताको माग पूरा हुन नसकेको धारणा व्यक्त गरे ।

## बाल्यकालको सम्झना आयो

पाठक प्रतिक्रिया

शनिवार वाटिकामा राजेश मिश्रको लेख ‘तडबडवा पाइने त्यो दशहरा मेला’ पढें । प्रायः स्थानीय मौलिकता झल्किने उनको लेख पढेर धेरै आनन्द आउँछ । मस्तिष्क बाल्य अवस्थामा फर्किन्छ । यस्तो लाग्छ कि लेखको पात्र म स्वयम् हुँ । पुरानो सम्झना ताजा हुन्छ । केही महीनादेखि म वाटिकामा प्रकाशित हुने राजेश मिश्रको लेखको नियमित पाठकझैं भएको छु ।

बाल्यकालमा बुबासँग धेरैपटक दशहरा मेला गएको सम्झना छ। मेलामा जाने बित्तिकै पहिले देवीको दर्शन गरिन्थ्यो । त्यसपछि बुबाले जलेबी किनिदिनु हुन्थ्यो। मेलाबाट फर्किने बेला हातमा तडबडवा, बदाम, बाँसुरी र जिलेबी नहुने कुरै थिएन। त्यतिले मात्र मन गद्गद् हुन्थ्यो । दशहरादेखि छठसम्म तडबडवाको तडबड–तडबडले गाउँ गुञ्जित हुन्थ्यो । अहिले कुनै मेलामा तडबडवा पाइँदैन। अहिले लाग्छ तडबडवा गुडाउँदा दुई प्रकारका फाइदा थियो । पहिलो, मानसिक खुशी र दोस्रो शारीरिक अभ्यास।

तर तडबडवा नपाइने कारणतर्फ विचार गर्दा लाग्छ कि शायद अहिलेका पुस्तालाई मोबाइल र इन्टरनेटमा आकर्षण बढ्दो छ । जब खरीदकर्ता नै हुँदैन भने उत्पादन हुने कुरै भएन। इन्टरनेटको माध्यमले पाइने थरीथरीका खेलमा बाल मस्तिष्क बढी व्यस्त छ । आवश्यकताभन्दा पनि इन्टरनेटमा अनावश्यक संलग्नताले शारीरिक अभ्यास हुने क्रियाकलाप शून्य प्रायः छ। त्यस कारण आधुनिक पुस्ताको भविष्यमा खलल नपुग्ने गतिविधितर्फ अभिभावक वर्गको ध्यान पुग्नु जरुरी छ । अन्तमा बाल्यकालीन सम्झना ताजा गरिदिएकोमा लेखकलाई धेरै धेरै धन्यवाद छ ।

**- राजेश गुप्ता**
पोखरिया नगरपालिका-३, वसन्तपुर
(हाल: वीरगंज)

## भ्रम नै भ्रम छर्ने लेख

पाठक प्रतिक्रिया

१७ गते आइतवार प्रतीकको लेख ‘चेतनाको प्रकाश’ पढें । एक त यस लेखलाई अन्तमा अधूरो छाडिएको छ र अर्को बहिर्मुखी र अन्तर्मुखीको व्याख्या नै गलत छ । चेतनाको प्रकाशलाई आफू भित्र मोड्ने कुरामा म लेखकसँग सहमत छु । तर केवल अन्तर्मुखीले नै मोड्न सक्छ भन्ने कुरासँग म सहमत छैन। हाम्रो सभ्यताको मुख्य रोग नै गम्भीरता हो। जो मानिस जति गम्भीर र अन्तर्मुखी हुन्छ, हाम्रो समाजमा त्यो त्यति नै आदरणीय हुन्छ र बहिर्मुखीलाई फालतु भनेर हेला गरिन्छ। हाम्रो यो रोग कृष्ण जस्ता बहिर्मुखीले सम्झाएर गए, तर हट्न सकेन। लेखकलाई यो भ्रम छ कि केवल अन्तर्मुखी चेतना नै भित्र प्रवेश गर्छ । कृष्ण स्वयं बहिर्मुखी–सम्राट् थिए तर त्यति नै चेतनशील पनि। मलाई लाग्दैन कि कृष्णजस्ता बहिर्मुखी हाम्रो सभ्यताले अर्को कोही जन्माएको छ । रामजस्ता अन्तर्मुखीले होइन, कृष्णजस्ता बहिर्मुखीले नै पूर्ण अवतारको उपमा पाएका छन् । जो बहिर्मुखी हुँदैन उसले जीवनलाई खेलको रूपमा लिनै सक्दैन। सम्पूर्ण जीवन एउटा खेलबाहेक केही होइन। अर्को भ्रम लेखकमा यो छ कि बहिर्मुखी मान्छे जीवनमा निराश भएर आत्महत्या गर्छ। तथ्य यसको ठीक उल्टो छ। गम्भीर र अन्तर्मुखी व्यक्ति निराश हुँदै जान्छ र आत्महत्यासमेत गर्छ । अर्को भ्रम लेखकको चेतन र अवचेतन मनको निर्माण हुने वा गर्ने कुरामा देखियो । चेतन र अवचेतनलाई हामीले निर्माण गरेको होइन । यो प्रकृतिले निर्माण गरेको हो, जसमा पूर्वजन्मको कुरासमेत सञ्चित हुन्छ। जसरी हामीले हात खुट्टा बनाएका छैनौं, त्यस्तै चेतन र अवचेतन पनि बनाएका छैनौं । हात खुट्टा बलियो पार्न जसरी हामी व्यायाम गर्छौं त्यस्तै चेतन र अवचेतनलाई बलियो बनाउन आध्यात्मिक अभ्यासको आवश्यकता हुन्छ। यहाँ म लेखकसँग सहमत छु ।

**डा. शिवशङ्कर यादव**, वीरगंज छपकैया

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# त्रिजुद्ध माविका विद्यार्थीहरूको आँखा परीक्षण

प्रस, वीरगंज, १८ असोज/

महावीरप्रसाद रघुवीरराम त्रिजुद्ध आधारभूत प्राविधिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको आँखा एवं दाँत परीक्षण गरिएको छ।



समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सामुदायिक सेवा केन्द्र छपकैयाको आयोजनामा वीरगंज सामुदायिक आँखा तथा दाँत केन्द्रको प्राविधिक सहयोगमा निश्शुल्क आँखा तथा दाँत परीक्षण गरिएको केन्द्रका स्वास्थ्य संयोजक महेश्वरसिंह धामीले बताए।

उनले २५६ जना विद्यार्थीको आँखा चेकजाँच गरिएकामा धेरैजसोमा दृष्टिदोष देखिएको बताए। विद्यार्थीहरूमा गर्मीका कारण हुने एलर्जीका साथै अहिले अनलाइन कक्षामा कम्प्युटर तथा मोबाइलबाट अध्ययन गर्नेहरूमा टाउको दुख्नेलगायतका समस्या देखिएको बताए।

धामीले त्रिजुद्धमा एक साता लामो शिविर सञ्चालन हुने बताए। शिविरमा केही विद्यार्थीलाई चश्माको आवश्यकता परेकोले सहुलियत दरमा उपलब्ध गराइएको उनले बताए।

यसअघि शिविरको उद्घाटन वडा प्रहरी कार्यालय बिर्ताका प्रमुख प्रहरी निरीक्षक राजेशराज पुरीले गरेका थिए।

सामुदायिक सेवा केन्द्र छपकैयाका ग्याँसुद्दीन मियाँ ठकुराईको अध्यक्षतामा भएको उद्घाटन समारोहमा वडाध्यक्ष जगतसाह कानू, विद्यालयका प्रअ हरेन्द्र कुर्मी, सामुदायिक सेवा केन्द्र छपकैयाका मोहमद अब्दुल हक, प्रवीण विक्रम शाह, प्रेमा शाह, अजितकुमार भुजेललगायतको सहभागिता थियो।

# निमित्त प्रमुख प्रशासकीय अधिकृत साहले कार्यभार सम्हाले

सञ्जीव मिश्र, विन्ध्यवासिनी, १८ असोज/

विन्ध्यवासिनी गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत श्यामबाबू साह सोमवारदेखि कार्यालयमा हाजिर भएका छन्।

आयुर्वेद शाखा प्रमुख अधिकृतमा कार्यरत साहलाई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विन्ध्यवासिनी गापाको निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिएर पठाएपछि उनी आजदेखि कार्यालयमा हाजिर भएका हुन्।

विन्ध्यवासिनी गापाको कार्यालय बहुअर्वाभाठामा आज हाजिर भएका निमित्त प्रमुख प्रशासकीय अधिकृत साहलाई गापा प्रमुख श्रीलाल साह कानू, उपाध्यक्ष किरणदेवी गुप्ता, लेखा अधिकृत मिथलेश कुशवाहा, शिक्षा प्रमुख कपिल लामिछाने, सामाजिक शाखा प्रमुख नरेश चौहान, इन्जिनीयर सन्तोष साह, योजना शाखा प्रमुख सीताराम पण्डित, आइटी सन्दीप साह, रवीन्द्रनाथ तिवारी, जसपाका स्थानीय नेता गौरीशङ्कर साह र कर्मचारीले गम्छा, फूलमाला र अबिरको टीका लगाएर स्वागत गरेका थिए।

सो अवसरमा गापा प्रमुख कानूले अधिकृत साहलाई कसैको दबाबमा नपरी कानून अनुसार कामकाज गर्न सुझाए। उनले सातामा एकपटक कर्मचारी बैठक



तस्वीरः प्रतीक

राखेर समन्वय गरी अगाडि बढ्न आग्रह गरे। अधिकृत साहले जनचाहना र कानून अनुसार जनप्रतिनिधिको समन्वयमा काम गर्ने बताए। विन्ध्यवासिनी गापामा यसअघि प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी मुन्ना रौनियारले निर्वाह गरेका थिए।



वीरगंज-परवानीपुर सडकखण्ड कालोपत्र गर्दै दिवा-सपना जेभी कन्स्ट्रक्शनका कामदारहरू। यो सडकखण्डको चार वर्षअगाडि ठेक्का सम्झौता भएको हो। तोकिएको समयमा निर्माण सम्पन्न हुन नसकेपछि अहिले पुनः म्याद थप गरेर सडक निर्माण कार्य भइरहेको छ। तस्वीर : पङ्कक श्रेष्ठ

# भारतीय केरा आयातमा रोक लगाउन माग

चितवन, १८ असोज/रासस

चितवन केरा उत्पादक सङ्घले भारतीय केरा आयातमा रोक लगाउन सरकारसँग माग गरेको छ। सङ्घले



तस्वीर : फाइल

एक विज्ञप्ति जारी गर्दै भारतीय केराले नेपाली केरा किसान मारमा परेको जनाएको छ।

भारतबाट वैध तथा अवैधरूपमा केरा भित्रनु दुःखद रहेको भन्दै सङ्घले नेपालमैं उत्पादित केरालाई प्रथामिकता दिनुपर्ने जनाएको हो। सङ्घका अध्यक्ष माधवप्रसाद घिमिरेद्वारा जारी विज्ञप्तिमा चितवनसहित विभिन्न जिल्लाका किसानले उत्पादन गरेको केरा खेतमैं तयारी अवस्थामा रहनु तर विदेशी केराले बजार ओगट्नु दुःखद रहेको जनाइएको छ।

देशका ठूला बजारमा रहेका थोक केरा व्यापारी, खुद्रा व्यापारी र केही ठूला फलफूल व्यापारी मिलेर बजारलाई नियन्त्रणमा लिन खोजेको आरोप लगाउँदै विज्ञप्तिमा भनिएको छ–"नेपाली किसानको उत्पादन कमभन्दा कम दरमा खरीद गरी किसान मार्ने काम भएको छ, यसलाई रोक्न भारतीय केरा आयातमा तत्काल रोक लगाउन हामी माग गर्दछौं।"

नेपाली केरा किसान भारतीय आयातित केराका कारण विस्थापित हुने अवस्थामा पुग्दासमेत सम्बन्धित निकायले ध्यान दिन नसकेको सङ्घले जनाएको छ। नेपालको चेक पोस्टमा भारतीय केराको विषादि कडाइका साथ जाँच गर्न, आयात हुने केराको भन्सार दर वृद्धि गरी अंकुश लगाउनुका साथै नेपाली केराको उत्पादन वृद्धि र बजार व्यवस्थापन गर्न पनि अनुरोध गरिएको छ।

भारतीय केरा आयातमा रोक नलगाए सम्पूर्ण केरा किसान आन्दोलन गर्न बाध्य हुने विज्ञप्तिमा जनाइएको छ। चितवनमा हाल ७१२ व्यावसायिक किसानले केरा खेती गर्दै आएका छन्। जिल्लामा तीन हजार ५० बिघा जमीनमा केराखेती हुँदै आएको छ।

# कोरोनापछिको पढाइमा विद्यार्थी उत्साहित

रामपुर, १८ असोज/रासस

कोरोनाको कहरले बन्द रहेका विद्यालय खुल्न थालेपछि विद्यार्थी नियमित विद्यालय जान थालेका छन्। लामो



तस्वीरः सौजन्य

समयसम्म विद्यालय जान नपाएर घरमैं बस्न बाध्य विद्यार्थी झोला बोकेर विद्यालय पोशाकमा विद्यालय जान पाउँदा धेरै खुशी देखिएका छन्।

विद्यालयमा स्वयम् उपस्थित भएर पढ्न पाउँदा धेरै छिटो बुझ्न सकिने रामपुर आवासीय अङ्ग्रेजी बोर्डिङ स्कूल कक्षा १० मा अध्ययनरत सुषमा सिग्देल बताउँछिन्। उनी भन्छिन्– "विद्यालय बन्द हुँदा घरमा बसेर अनलाइन कक्षा पनि पढियो, अनलाइन कक्षाको तुलनामा भौतिकरूपमा विद्यालयमा नै उपस्थित भएर पढ्दा छिटो बुझ्न सकिने, धेरै कुरा सिकिने, विद्यालय जान पाउँदा रमाइलो लागेको छ।"

बिहान १० देखि दिउँसो २ बजेसम्म खाजा खाने समय कटाएर नियमित पढाउन थालिएको रामतुलसी माविका प्रधानाध्यापक बालकृष्ण लम्साल बताउँछन्। "खाजा खाने समयलाई शिक्षण कार्यमा सदुपयोग गरी दिउँसो २ बजेसम्म नियमित कक्षा चलाइएको

(बाँकी चौथो पातामा)

# ६० प्रतिशतभन्दा बढी निर्माणको काम योजना बाहिरबाटै

काठमाडौं, १८ असोज/रासस

नेपालमा आधाभन्दा धेरै पूर्वाधार परियोजना नियमित योजनाभन्दा बाहिरबाटै बजेटमा पर्ने गरेको पूर्वाधार विज्ञहरूले टिप्पणी गरेका छन्।

पूर्वाधार निर्माणमा चरम राजनीति मिसिंदा योजनाभन्दा बाहिरका आयोजना छनोट भइरहेको उनीहरूको भनाइ छ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन) र पोलिसी इन्टरप्रेनरर्स इन्क (पिइआई)को संयुक्त आयोजनामा सोमवार आयोजित 'इन्फ्रास्ट्रक्चर रिपोर्टिङ : मिडियाज रोल इन सेपिङ द न्यारेटिभ' विषयक अन्तर्क्रियामा पूर्वाधार विज्ञ कमल पाण्डेले पूर्वाधार निर्माणमा राजनीति घुस्दा समयमैं योजना सम्पन्न हुन नसकेको बताए। "हामीले आठौं आवधिक योजनादेखि हेर्ने हो भने अहिलेसम्म भएका सबै योजनामा पूर्वाधार निर्माणलाई प्राथमिकताका साथ राखेका छौं। बजेटमा पनि प्रत्येक वर्ष प्राथमिकता दिएकै छौं तर योजना गरिएभन्दा बाहिरबाट आएका आयोजना प्राथमिकतामा परिरहेका छन्," उनले भने।

उनले आठौं योजनादेखि हालसम्मका आवधिक योजनामा उल्लेख गरिएभन्दा बाहिरबाट मात्रै ६० प्रतिशतभन्दा बढी पूर्वाधार निर्माणका योजना थपिएको टिप्पणी गरे।

राजनीतिज्ञहरूले सम्भाव्यताको अध्ययन, बजेटको सुनिश्चितता तथा उपयोगिताविनै योजना थोपरिरहेको समेत उनको आरोप छ।

पूर्वाधार निर्माणले गति नलिंदा त्यसको असर उत्पादन र उत्पादकत्वका साथै खपतमा पनि परिरहेको उल्लेख गर्दै पाण्डेले पूर्वाधार निर्माणमा क्षेत्रगत योजना पनि नहुनु नै दुःखद भएको बताए।

उनले पछिल्लो समयको काठमाडौं–तराई द्रुतमार्गको उदाहरण दिंदै भने, "द्रुतमार्ग निर्माणबाट इकोनोमिक रिटर्न ३१ प्रतिशत छ भने फाइनान्सियल रिटर्न जम्मा चार प्रतिशत मात्रै छ। यस्तो अवस्थामा स्रोत व्यवस्थापनका लागि राजस्व पर्याप्त छैन र त्यस्ता क्षेत्रमा निजी क्षेत्रको लगानी पनि आउन सकेको छैन।"

पूर्वसचिव कृष्ण ज्ञवालीले मुलुकमा पूर्वाधार नीति नै नभएको बताए। "क्षेत्रगतरूपमा केही नीति नभएका होइनन्, तर समग्र पूर्वाधार क्षेत्रलाई मार्गनिर्देशन गर्ने नीतिको अभाव छ, जसले गर्दा पूर्वाधार निर्माणले गति लिन सकेको छैन," उनले भने।

उनले पूर्वाधार निर्माणका सन्दर्भमा अर्थ मन्त्रालय र योजना आयोगबीचको तादात्म्य नमिल्नु तथा पूर्वाधार निर्माणमा राजनीतिक हस्तक्षेप बढ्नुलाई कारक मानेका छन्। उनका अनुसार पूर्वाधार निर्माणमा अपेक्षाकृत सफलता हासिल गर्न नसक्नुमा सरकार र सरोकारवालाबीच संवादको कमी, पूर्वतयारी नहुनु तथा राजनीतिक कारण सैद्धान्तिक र वैचारिक आग्रह हाबी हुनुलाई कारक मानिएको छ।

कार्यक्रममा पत्रकार शिव गाउँलेले सञ्चारमाध्यममा पूर्वाधारसम्बन्धी रिपोर्टिङ तथ्यका आधारमा निकै कम भएको टिप्पणी गर्दै पत्रकारको दक्षता अभिवृद्धिमा जोड दिए। "एकातिर सही सूचनाको अभाव र अर्कोतर्फ पूर्वाधार निर्माणमा राजनीतिक सङ्क्रमणका कारण यथार्थपरक रिपोर्टिङ गर्न नसक्नु सञ्चारमाध्यमको कमजोरी भएको छ," उनले भने।

# कार्बन उत्सर्जन कम गर्न जोड

काठमाडौं, १८ असोज/रासस

कार्बन उत्सर्जन कम गर्ने गरी शहरी पूर्वाधार निर्माणका योजना निर्माण गरिनुपर्नेमा जोड दिइएको छ । विश्व बसोवास दिवसका अवसरमा सोमवार शहरी विकास तथा भवन निर्माण विभाग र संयुक्त राष्ट्रसङ्घीय मानव बसोवास कार्यक्रम (युएन ह्याविट्याट)को संयुक्त आयोजनामा भएको कार्यशालामा राष्ट्रिय योजना आयोगका सदस्य डा पुष्परमण वाग्लेले भवन निर्माणमा स्थानीय साधनको उपयोग गरी ५८ प्रतिशत कम कार्बन उत्सर्जन गर्न सकिने बताए । देशभरका २९३ नगरपालिकामा ६२.२ प्रतिशत मानिस बसोवास गर्ने भएकाले वातावरणमैत्री विकास निर्माणमा जोड दिन उनले आह्वान गरे ।

शहरी विकास मन्त्रालयका सचिव डा रमेशप्रसाद सिंहले सन्तुलितरूपमा शहरको विकास गर्ने गरी नीति तथा कार्यक्रम तय गरिएको जानकारी दिए । काठमाडौं उपत्यकाका नगरप्रमुखहरू काठमाडौं उपत्यका विकास प्राधिकरणको बैठकमा नआई प्रतिनिधि मात्र पठाउँदा कतिपय विकास निर्माणका काममा प्रभाव परेको उनको भनाइ थियो। छरिएका शहरलाई एकीकृतरूपमा विकास गर्न मन्त्रालयले कम्प्याक्ट सिटीको अवधारणा अघि सारेको छ ।

विभागका महानिर्देशक नवराज प्याकुरेलले शहरी क्षेत्रमा जनघनत्व बढ्दै गएकाले वातावरणमैत्री विकास गर्न आवश्यक नीति निर्माण गरी कार्यान्वयनमा लैजान लागिएको बताए।

पूर्वसचिव किशोर थापाले कार्बन उत्सर्जन कम गर्न निजी सवारीसाधन र शहरी क्षेत्रमा भवन निर्माणलाई व्यवस्थित गरिनुपर्नेमा जोड दिए। पौराणिककालको




द्वारका शहर समुद्रमा डुब्नुमा जलवायु नै कारक बनेकाले त्यसबाट पाठ सिकेर वातावरणमैत्री विकास निर्माणमा सरोकार भएका निकायको ध्यान जानुपर्ने उनले बताए ।

इन्जिनीयरिङ अध्ययन संस्थानका अजयचन्द्र लालले पुराना ५८ नगरपालिकाले मात्र कुल गार्हस्थ उत्पादनमा ५८ प्रतिशतभन्दा बढी योगदान गरेकाले त्यसको निश्चित प्रतिशत जलवायु परिवर्तनको व्यवस्थापनमा खर्च गर्न आग्रह गरे ।

काठमाडौं उपत्यका विकास प्राधिकराणका जिल्ला आयुक्त एकराज अधिकारीले उपत्यकाको विकास निर्माणका लागि एकीकृतरूपमा काम गर्ने गरी स्थापना भएको प्राधिकरणको कानून पुरानो भएकाले कतिपय विषयमा अस्पष्टता भई काम गर्न अप्ठ्यारो हुन थालेको बताए । नेपालीपनको शहरी विकासको नमूना नभएकाले पनि वातावरण बिग्रन थालेको उनको भनाइ थियो ।

ललितपुर महानगरपालिकाका शहरी विकास विज्ञ प्रदीप अमात्यले उपत्यकालाई इको सिटी बनाउन १८ वटै नगरपालिकाका प्रमुखलाई बोलाएर छलफल गरिएको बताए । नगरप्रमुखहरूको सुझावका आधारमा ललितपुर महानगरलाई इको सिटीका रूपमा विकास गर्न लागिएको उनले जानकारी दिए ।

स्मार्ट सिटीसम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै शहरी विकास तथा भवन निर्माण विभागका वरिष्ठ डिभिजनल इन्जिनीयर मीरा ज्ञवालीले वातावरणमैत्री रूपमा नयाँ शहरी आयोजना अघि बढेकाले जलवायु परिवर्तनका असरलाई न्यून गर्न सहयोग गर्ने बताए ।

सबैका लागि उपयुक्त आवास सुनिश्चित गर्दै दिगो शहरी विकास प्रवर्द्धन गर्ने उद्देश्यले विश्वको ध्यानाकर्षण गर्न विश्व बसोवास दिवस मनाउन शुरू गरिएको हो। सन् १९८६ देखि अक्टोबर महीनाको पहिलो सोमवार यो दिवस मनाउन थालिएको हो । संयुक्त राष्ट्रसङ्घको आह्वानमा यो दिवस मनाउन शुरू गरिएको हो । नेपालमा भने सन् २००१ देखि सरकारी एवं गैरसरकारी क्षेत्रबाट यो दिवस मनाउन शुरू गरिएको शहरी विकास तथा भवन निर्माण विभागले जनाएको छ ।

'तीव्र शहरी क्रियाकलापको लक्ष्य : कार्बनरहित विश्व' नाराका साथ यस वर्षको विश्व बसोवास दिवस मनाइएको विश्व बसोवास दिवस मूल तयारी समितिका संयोजक विष्णुप्रसाद शर्माले बताए। दिगो विकास लक्ष्यको लक्ष्य ११ ले समावेशी तथा दिगो शहरीकरण गर्ने लक्ष्य लिएको छ । यस वर्षको नाराले शहरको बनोट, भवन तथा पूर्वाधार निर्माण, सवारी व्यवस्थापन, हरियाली क्षेत्र व्यवस्थापन आदि क्रियाकलाप गर्दा दिगो शहरीकरण तथा दिगो विकास लक्ष्यलाई ध्यानमा राखी न्यून कार्बन उत्सर्जन गर्ने गरी वातावरणमैत्री विकास गर्नुपर्नेमा जोड दिएको छ। वातावरणमैत्री शहरी विकास निर्माणमा तीनै तहका सरकारको ध्यान जानुपर्ने विभागको भनाइ छ ।

विश्व बैंकको तथ्याङ्क अनुसार सन् १९९० देखि हालसम्म शहरी जनसङ्ख्या चार गुणाले बढेर ४.२ अर्बभन्दा धेरै पुगेको छ । शहरीकरणका कारण वायुमण्डलमा कार्बनडाइअक्साइडको मात्रा बढी विश्व तापमान एक तिहाइभन्दा धेरै भएको विभागले जनाएको छ। विश्वका सबै देशले बजेटको ठूलो हिस्सा शहरीकरणमा खर्च गर्दै शहरी व्यवस्थापनलाई मुख्य कार्यसूची बनाएका छन् ।

यस अवसरमा आवास कम्पनी लिमिटेड, युएन ह्याविट्याट, नगर विकास कोष, विभिन्न नगरपालिकाले समेत विविध कार्यक्रम आयोजना गर्न लागेको विभागले जनाएको छ। दिगो र वातावरणमैत्री शहरी विकासमा जोड दिंदै ती कार्यक्रम गरिनेछन् ।

## जनकपुरधाम प्रमुखको कक्षमा तालाबन्दी

प्रस, जनकपुरधाम, १८ असोज/

डा सिके राउत नेतृत्वको जनमत पार्टीका कार्यकर्ताले जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख लालकिशोर साहको कार्यकक्षमा तालाबन्दी गरेका छन् ।

विकास निर्माण कार्यमा नगरप्रमुख निकम्मा रहेको आरोप लगाउँदै उनीहरूले सोमवार तालाबन्दी गरेका हुन् ।

प्रदर्शनकारीलाई सुरक्षाकर्मीले रोक्न खोज्दा उनीहरूले न्यायिक समिति कक्षमा तोडफोडसमेत गरेका छन् ।

जनकपुर उपमहानगरभित्रका विभिन्न सडक हिलाम्मे बनेको र मरम्मत गर्न चासो नदेखाएको भन्दै जनमत पार्टी नगरप्रमुखविरुद्ध उत्रिएको हो । जनकपुरधाम वडा नं ८ घर भएका जनमत पार्टीका अध्यक्ष डा सिके राउतले बाटोका कारण घरबाट निस्किन नपाएको स्टाटस सामाजिक सञ्जालमा लेखेपछि उनका कार्यकर्ता आन्दोलनमा उत्रेका हुन् ।

जनकपुरधाम उपमहानगरपालिकामा पुगेर नेता राउतका कार्यकर्ताले नगर प्रमुख साहविरुद्ध नाराबाजी गर्दै उनीहरूले माग पूरा नगरी ताला फोडेमा कडा आन्दोलन गर्ने चेतावनी दिएका छन् । उपमहानगरभित्रका हिलाम्मे सडकहरू अविलम्ब मरम्मत गर्नुपर्ने उनीहरूको मुख्य माग छ ।



वीरगंज महानगरपालिका–२ छपकैयाबाट पत्नीलाई कबाडको सामान माथि राखेर पति रिक्शा चलाएर वीरगंज भन्सारतर्फ जाँदै । तस्वीर : तिवारी यादव

### कोरोनापछिको पढाइ....

छ, विद्यार्थी विद्यालयमा आउन पाउँदा असाध्यै खुशी भएका छन्"–प्रअ लम्सालले भने ।

केही पालिकाका विद्यालयले भने दशैंअघि परीक्षा सक्नेगरी प्रथम त्रैमासिक परीक्षा सञ्चालन गरिरहेका छन् । कोरोनाको कहर कम हुँदै गएपछि स्वास्थ्य सुरक्षाका मापदण्डसहित भदौ २७ गतेदेखि नै रामपुर नगरपालिकाका सबै विद्यालयमा नियमित पठनपाठन भइरहेको नगर शिक्षा अधिकृत विकल काफ्ले बताउँछन् ।

"नगरपालिकाभित्रका सबै विद्यालयमा धमाधम पढाइ भइरहेको छ, केही विद्यालयमा प्रथम त्रैमासिक परीक्षा पनि सञ्चालन भएका छन्, नियमित विद्यालय खुल्न थालेपछि विद्यार्थी पनि उत्सुक छन्"–काफ्लेले भने ।

धेरै समयपछि पढाइ भए तापनि शिक्षण सिकाइ कार्यप्रति विद्यार्थी उत्सुक रहेको पूर्वखोला गाउँपालिका–३ अर्खडाँडास्थित जनउज्ज्वल आधारभूत विद्यालयका शिक्षक डिल्लीराज पँगेनीले बताए । माथागढी गाउँपालिकाका सबै विद्यालयमा अहिले धमाधम पठनपाठन चलिरहेको छ । स्वास्थ्य सुरक्षाको परिधिमा रहेर भदौ २७ देखि नै विद्यालय सञ्चालन भइरहेको गाउँपालिकाका अध्यक्ष सन्तोष थापा मगरले बताए ।

यस्तै, रम्भा गाउँपालिकाले कोरोनाको कहर कम हुन थालेपछि सबै विद्यालयमा पठनपाठन सञ्चालन कार्य अगाडि बढाएको छ । यहाँ विद्यालय शुरू गर्दाको बखत धेरै विद्यार्थी भएका विद्यालयले केही दिन आलोपालो गरी कक्षा चलाए, अहिले सबै विद्यालयमा नियमित पठनपाठन कार्य चलिरहेको रम्भा गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भण्डारीले बताए ।


पाल्पाका सबै पालिकामा स्वास्थ्य सुरक्षा अँगालेर सावधानीपूर्वक पठनपाठन कार्य चलिरहेको शिक्षा विकास समन्वय तथा एकाइ कार्यालय पाल्पाका प्रमुख रमेशराज पौडेल बताउँछन् । केही पालिकाका विद्यालयले बन्दाबन्दीका समयमा इन्टरनेटका माध्यमबाट कक्षा सञ्चालन गरेका थिए। इन्टरनेटको पहुँच नभएका विद्यार्थीले बन्दाबन्दीमा घरमैं खेलेर समय बिताउन बाध्य थिए ।

अहिले भने विद्यालय खुलेपछि नियमित विद्यालय पोशाकमा कापीकलम बोकेर विद्यालय जाने गरेको अभिभावक सुषमा भट्टराई बताउँछिन् । मास्क, सेनिटाइजरको अनिवार्य प्रयोग गरेर विद्यार्थी अनिवार्यरूपमा विद्यालय जान थालेका छन् ।

## फरक समाचार

### बाजसँग सम्बन्धित रोचक कुरा

बाज करीब ७० वर्ष बाँच्छ, तर आफ्नो जीवनको चालीस वर्ष पुग्दा–नपुग्दै एउटा महत्त्वपूर्ण निर्णय लिन्छ। त्यस अवस्थामा उसको शरीरको तीन प्रमुख अङ्ग निष्प्रभावी हुन थाल्छ। पहिलो, पञ्जा लामो र लचिलो हुन्छ, जसको कारण शिकारमा पकड बनाउन अक्षम हुन्छ । दोस्रो, चुच्चो अगाडितर्फ मोडिन्छ र भोजन निल्न व्यवधान उत्पन्न गर्छ र तेस्रो, पखेटा भारी हुन्छ र छातीमा



टाँसिएको कारण पूरा खुल्न सक्दैन, उडान सीमित हुन्छ।

भोजन खोज्ने, समात्ने र खाने तीन प्रक्रियाले आफ्नो धार गुमाउन थाल्छ। बाजसँग तीन विकल्प रहन्छ– देह त्याग्ने, आफ्नो प्रवृत्ति छाडेर गिद्धसरह त्यक्त भोजनमा निर्वाह गर्ने वा फेरि स्वयंलाई पुनर्स्थापित गरी आकाशमा निर्द्वन्द्व एकाधिपत्य जमाउने। दुई विकल्प सरल र त्वरित छ भने तेस्रो विकल्प अत्यन्त पीडादायी र लामो हुन्छ ।

बाजले पीडा रोज्छ र स्वयंलाई पुनर्स्थापित गर्छ। बाज कुनै अग्लो पहाडमा पुग्छ, एकान्तमा आफ्नो गुँड बनाउँछ अनि प्रारम्भ गर्छ, आफ्नो पुनर्स्थापन क्रिया। सबैभन्दा पहिले उसले आफ्नो चुच्चोलाई चट्टानमा हिर्काएर भाँच्छ । पक्षीराजका लागि चुच्चो भाँच्नुभन्दा बढी पीडादायक अन्य केही होइन। त्यसपछि उसले चुच्चो पलाउने प्रतीक्षा गर्छ ।

त्यसपछि उसले आफ्नो पञ्जालाई पनि त्यस प्रकार तोड्छ र प्रतीक्षा गर्छ, त्यो फेरि पलाओस् । नयाँ चुच्चो र पञ्जा पलाएपछि उसले आफ्नो भारी पखेटाको प्वाँखलाई एक/एक गर्दै भुत्लाएर निकाल्छ र प्वाँख पलाउने प्रतीक्षा गर्छ । १५० दिनको पीडा र प्रतीक्षापछि उसले पुनः त्यही भव्य र उच्च उडान पाउँछ। यस पुनर्स्थापनापछि ऊ ३० वर्ष बाँच्छ ऊर्जा, सम्मान र गरिमाका साथ।

हामी मनुष्यको जीवन पनि यस्तै हो। चालीस वर्षपछि हाम्रो व्यक्तित्व खुकुलो हुन्छ, अर्धजीवनमा जीवन समाप्त प्रायः लाग्छ । उत्साह, आकाङ्क्षा, ऊर्जा अधोगामी हुन पुग्छ । तर हामीसँग पनि कैयौं विकल्प छ । पहिलो विकल्प, आफ्नो जीवनको विवशताले भरिएको अति लचिलोपन त्यागेर नियन्त्रण देखाउनुपर्छ। दोस्रो, हामीले पनि आलस्य उत्पन्न गर्ने वक्र मानसिकता त्यागेर ऊर्जावान् सक्रियता देखाउनुपर्छ। तेस्रो, भूतकालमा जकडिएको अस्तित्वको भारीपनलाई त्यागेर कल्पनाको उन्मुक्त उडान गर्नुपर्छ ।

### पुराना किल्ला किन आज पनि मजबूत हुन्छ

आजभोलि सिमेन्ट, इँट र डन्डीको प्रयोगबाट घर, भवन बन्छ। सिमेन्ट र इँटको जीवनचक्र ६०–७० वर्षको हुन्छ अतः यो बनेको ३०–४० वर्षपछि नै क्षय हुन थाल्छ ।

पहिलेको पक्की घर वा किल्ला मुख्यतः ढुङ्गाबाट बनाइन्थ्यो । ग्रेनाइटको चट्टान काटेर पत्थर सुन्दर कलाकृतिमा गढ्ने गरिन्थ्यो । यसलाई जोड्नको लागि चुना, पत्थर, चिल्लो माटो, तताएको मासको दाल वा भातको माड स्थानीय स्तरमा जुन सस्तो र सजिलै उपलब्ध हुन्छ, त्यसको प्रयोग गरिन्थ्यो जस्तै चीनको ग्रेटवालमा भातको माड प्रयोग भएको थियो ।



साथै निर्माणको समय स्थानीय परिस्थितिलाई पूर्ण ख्याल गरिन्थ्यो । त्यति बेला नक्कललाई वरीयता दिइँदैन्थ्यो । आजभोलि काँचको प्रयोग बढेको छ। तातो जलवायु भएको देशको लागि काँच उचित होइन, यो चीसो देशको लागि हो । ढुङ्गाको काल हजारौं वर्षदेखि थियो र आजसम्म पनि त्यस्ता महल उभिएका छन् ।

### बादलको विशिष्ट ज्यामितीय आकृतिले के भन्छ

हामीले आकाशमा बादलको कैयौं प्रकारका आकृति देखेका छौं। कैयौंपटक अनुहार, पक्षीको जस्तो आकृति पनि देखेका छौं। आजभोलि विशिष्ट ज्यामितीय आकृति पनि देख्न पाइन्छ। यस प्रकार बादलमा परिवर्तन कसरी हुन्छ ? धेरैले भन्छन्– विमानबाट निस्किने धूवाँको कारण यस प्रकारको आकृति बन्छ। यसै प्रकार पर्यावरण प्रदूषणको बढ्दो असर अब बादलमा देख्न सकिन्छ। रकेट प्रक्षेपणको धेरै समयपछि पनि विषालु तत्त्व वायुमा रहिरहन्छ। जुन कि नमी पाएपछि संघनित भएर बादलको रूप धारण गर्छ। प्रकृतिमा हुने बदलावको केही



विशेष पैटर्नद्वारा पहिचान गर्न सकिन्छ। कैयौंपटक यो पैटर्न खतराको सूचक पनि हुन्छ र जलवायुमा भइरहेको परिवर्तनलाई इङ्गित गर्छ । यसको एक उदाहरण हो स्पेन र पोर्चुगल नजीकै बादलको समूह । बादलको यो पैटर्न मोडरेट रिजोल्युशन इमेजिङ स्पेक्ट्रोरेडियोमिटर नामक उपकरणको सहायताबाट देखिएको थियो ।

यो उपकरण एक्वा नामक सैटेलाइटमा लगाइएको थियो। नासाका वैज्ञानिकले भनेका छन्– समुद्री प्रदूषणको कारण पनि यस्तो बादलको ज्यामितीय आकृति बनिरहेको छ। यो विशिष्ट ज्यामिती भएको बादल सयकडौं मिटरसम्म फैलिन्छ र यस्तो बादलको बढी मात्रा बन्नु पर्यावरणको खराब स्वास्थ्यको प्रतीक हो । यसको कारण विश्वका कैयौं शहरमा आक्सिजनको स्तर कम भइसकेको छ ।

–प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# पाकिस्तान–इरान सीमामा आवागमन पुनः शुरू

ताफ्टन (बलुचिस्तान), असोज १८/एएनआई

पाकिस्तान–इरानको ताफ्टन सीमामा पैदलयात्रुको आवागमनमा लगाएको इरान प्रवेश गर्न अनुमति दिंदै ताफ्टन सीमामा नियमित आवतजावत प्रक्रिया शुरू गरेको छ।




प्रतिबन्ध इरानी अधिकारीहरूले आइतवारदेखि हटाएका छन्।

प्रतिबन्ध फुकुवा भएपछि पाकिस्तानी व्यापारी, विद्यार्थी र ट्रक चालकलाई इरान प्रवेश गर्न अनुमति दिइएको छ। पाकिस्तानको सङ्घीय अनुसन्धान एजेन्सी (एफआइए)ले पाकिस्तानी नागरिकलाई नियमित नै रहेको थियो।

यस अवधिमा इरानी नागरिकहरूलाई पाकिस्तान आउन भने कुनै बन्देज लगाइएको थिएन।

गत जून २९ देखि पाकिस्तानमा कोभिड–१९ को बढ्दो सङ्क्रमणका कारण देखाउँदै इरानी अधिकारीहरूले पाकिस्तानीहरूलाई इरान प्रवेश गर्न प्रतिबन्ध लगाएका थिए। द एक्सप्रेस ट्रिब्यूनको समाचार अनुसार यसबीच पनि द्विदेशीय पारवाहन र व्यापार भने

तर पाकिस्तानीहरूलाई इरान प्रवेशमा भने रोक लगाइएको थियो र अहिले पनि थुप्रै पाकिस्तानी नागरिक तीर्थयात्रा र अन्य भ्रमणका निम्ति इरान भ्रमणको अनुमतिको पर्खाइमा छन्। रासस

# सिरियाली राष्ट्रपति र जोर्डनका राजाबीच फोनवार्ता

दमस्कस, १८ साउन/सिन्ह्वा

सिरियाली राष्ट्रपति बशर अल असद र जोर्डनका राजा अब्दुल्लाह द्वितीयाबीच फोनवार्ता भएको छ। उनीहरूबीच आइतवार फोनवार्ता भएको जोर्डनका सञ्चारमाध्यमहरूले जनाएका छन्।



सिरियाली राष्ट्रपति बशर अल असद। तस्वीरः सिन्ह्वा

जोर्डनका ती सञ्चारमाध्यमहरूले उनीहरूबीच गएको १० वर्षयता पहिलो पटक फोनमा कुराकानी भएको बताएका छन्।

गएको १० वर्षअघिदेखि सिरियामा युद्ध र नागरिकको ज्यान जाने क्रम जारी छ। यहाँका नागरिकले सिरियाली राष्ट्रपति असदको राजीनामाको माग गर्दै आन्दोलन जारी राखेका हुन्। आन्दोलनका कारण यहाँका चार लाखभन्दा बढी व्यक्तिको ज्यान गएको बताइएको छ।

लाखौं नागरिक घाइते भएका छन्। दशौं लाख सर्वसाधारण आफ्नो देश र छिमेकी देशमा शरणार्थी बन्न बाध्य भएका छन्। आइतवारको फोनवार्ताका क्रममा उनीहरूबीच दुई द्विपक्षीय सम्बन्धका विभिन्न विषयमा कुराकानी भएको सिरियाली राष्ट्रपतिको कार्यालयद्वारा जारी विज्ञप्तिमा जनाइएको छ। रासस

# भारतमा कोभिडका थप २२ हजार ५०० भन्दा बढी सङ्क्रमित

नयाँ दिल्ली, १८ असोज/एएनआई

भारतमा कोरोना भाइरसबाट थप २० हजार ७९९ जना सङ्क्रमित भएका छन्। भारतमा कोरोना सङ्क्रमणको कारण आइतवार थप १८० जनाको मृत्यु भएको छ। योसँगै कोरोना सङ्क्रमणबाट भारतमा हालसम्म चार लाख ४८ हजार ९९७ जनाको मृत्यु भएको छ।

सरकारी अधिकारीले दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा २० हजार ७९९ जना सङ्क्रमित भएका हुन्। अघिल्लो दिन आइतवार बिहान सार्वजनिक जानकारी अनुसार शनिवार एक दिनमा २२ हजार ८४२ जना नयाँ सङ्क्रमित थपिएका थिए। शनिवारभन्दा आइतवार सङ्क्रमितको सङ्ख्या घटेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले सोमवार जानकारी दिएको छ।

यसअघि दैनिक सङ्क्रमितको सङ्ख्या १८ हजारको हाराहारीमा पुगेकोमा अहिले फेरि बढेको हो। सङ्क्रमित र मृत्यु भएकामध्ये धेरै केरला राज्यका छन्। अन्य क्षेत्रमा महामारी कम हुँदै गए पनि केरलामा भने बढ्दै गएको पाइएको छ। भारतमा अहिले पनि सङ्क्रमित अवस्थामैं रहेकाको सङ्ख्या दुई लाख ६४ हजार ४५८ रहेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ। सक्रिय सङ्क्रमितको यो सङ्ख्या २०० दिन यताको नै कम हो। भारतमा पछिल्लो समय दैनिक सङ्क्रमित र सक्रिय सङ्क्रमितको सङ्ख्या कम हुँदै गएको



तस्वीरः फाइल

तथ्याङ्कले देखाएको छ।

दैनिक सङ्क्रमितको सङ्ख्याभन्दा दैनिक सङ्क्रमणमुक्त हुनेको सङ्ख्या धेरै भएकोले सक्रिय सक्रमितको सङ्ख्या कम हुँदै गएको हो। आइतवार दिनभर २० हजार ७९९ सङ्क्रमित हुँदा २६ हजार ७१८ जना सङ्क्रमणमुक्त भएका मन्त्रालयले जनाएको छ।

भारतमा अहिलेसम्म कुल सङ्क्रमणमुक्त भएकाको सङ्ख्या तीन करोड ३१ लाख २१ हजार २४७ रहेको अधिकारीले जनाएका छन्। भारतको चिकित्सा अनुसन्धान परिषद्का अनुसार कोरोना शुरू भएदेखि हालसम्म भारतमा ५७ करोड ४२ लाखजनाको कोरोना परीक्षण गरिएको छ।

भारतमा गत जनवरी १६ तारिखदेखि कोरोनाविरुद्ध खोप अभियान शुरू गरिएको र हालसम्म ९० करोड ७९ लाख ३२ हजारभन्दा बढी डोज खोप लगाइएको छ। रासस

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

# विद्यालय खुल्यो, दिवा खाजा शुरू भएन

प्रस, सेढवा, १८ असोज/

लकडाउन तथा निषेधाज्ञापछि भौतिकरूपमा विद्यालय सञ्चालन भएको करीब एक महीना बितिसक्दा पनि सामुदायिक विद्यालयमा दिवा खाजा शुरू गरिएको छैन।



विद्यालयमा आआफ्नो ल्याएका खाजा खाँदै विद्यार्थीहरू। तस्वीरः प्रतीक

जिल्लाका सबै स्थानीय तहका सामुदायिक विद्यालयमा भौतिक उपस्थितिमा गत भदौ २० गतेदेखि पठनपाठन शुरू भइसकेको छ। अहिले ठोरी, छिपहरमाई गाउँपालिका र वीरगंज महानगरपालिकाले मात्र दिवा खाजा कार्यक्रम सञ्चालन गरेका छन् भने बाँकी ११ वटा पालिका जीराभवानी, जगरनाथपुर, पटेर्वासुगौली, धोबिनी, पकाहामैनपुर, विन्ध्यवासिनीलगायतका गापा र पोखरिया, पर्सागढी र बहुदरमाई नगरपालिकाका सामुदायिक विद्यालयहरूमा पनि दिवा खाजा सञ्चालन भएको छैन।

नेपाल शिक्षक महासङ्घ जीराभवानीका अध्यक्ष कृपासिन्धु पटवारीले दिवा खाजा सञ्चालनका लागि गापाको कार्यालयमा गए पनि अनुमति नपाएको बताए। खाजा सञ्चालन गर्दा भीडभाड बढ्ने तथा कोभिड सङ्क्रमणको जोखिम कायम रहिरहेकोले गापाले खाजा सञ्चालन अनुमति नदिएका उनले बताए।

पटेर्वासुगौली गापाका शिक्षा शाखा प्रमुख शम्भुप्रसाद साहले दिवा खाजा दशैंपछि सञ्चालन गरिने बताए। यसैगरी, जगरनाथपुर गापाका शिक्षा शाखा प्रमुख नरेश महतोले गापाको खाता सञ्चालनमा नआएकोले दिवा खाजाको व्यवस्था हुन नसकेको बताए। उनले सोबापतको बजेट आएपछि खाजा खुवाउन शुरू गरिने बताए। कोरोनाको पहिलो लहरदेखि दिवा खाजा नियमित हुन सकेको छैन।

लामो समयसम्म विद्यालय बन्द भएको र हालै पूर्णरूपमा सञ्चालनमा आए पनि विभिन्न कारण दर्शाएर दिवा खाजा खुवाउने कार्यक्रम शुरू भएको छैन। दिवा खाजा नियमित नभएको सन्दर्भमा भने यो खाजाबापत आउने बजेटमा अनियमितता हुने गरेको शिक्षकहरूको आरोप छ।

# तेजाबपीडित मुस्कानलाई नगरप्रमुखको सहयोग

प्रस, वीरगंज, १८ असोज/

वीरगंज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले तेजाब प्रहारबाट घाइते भएकी वीरगंज–२ की १५ वर्षीया मुस्कान खातुनलाई उपचारको लागि रु दुई लाख आर्थिक सहयोग गरेका छन्।

आफ्नै कार्यकक्षमा सरावगीले मुस्कानलाई दुई लाख रुपैयाँको चेक हस्तान्तरण गरेका हुन्।

तेजाब प्रहारले घाँटी, पेट र छातीमा भएको घाउको तत्कालै शल्यक्रिया गर्नुपर्ने भएकोले सो कार्यका लागि मुस्कानलाई दुई लाख रुपैयाँ सहयोग गरेको नगरप्रमुख सरावगीले बताए। उनले आफ्नो सेवासुविधाबाट सञ्चालनमा ल्याएको मेयर कल्याणकारी कोषबाट रु दुई लाख उपचारका लागि सहयोग गरेको र थप सहयोगका लागि मुख्यमन्त्रीसँग पनि आग्रह गरेको बताए।

मुस्कानले तत्काल शल्यक्रियाको लागि रु तीन लाख आवश्यक भएको र सो कुरालाई लिएर परिवार तनावमा भएको बेला प्रमुख सरावगीले गरेको सहयोग अविष्मरणीय हुने बताइन्। उनले प्राप्त रकमबाट छिट्टै कीर्तिपुरस्थित बर्न हस्पिटलमा शल्यक्रिया गराउने बताइन्।



# दश वर्षीया बालिका नदीमा डुबेर बेपत्ता

प्रस, रक्सौल, १८ असोज/

श्रीसिया नदीमा दश वर्षीया बालिका डुबेर बेपत्ता भएकी छन्।

लक्ष्मीपुर निवासी रामबहादुर महतोकी दश वर्षीया छोरी सञ्जु कुमारी नदीमा डुबेर बेपत्ता भएकी हुन्। नदी किनारामामा खेल्ने क्रममा सञ्जु डुबेकी र उनी अहिलेसम्म फेला नपरेकी परिवारजनले बताएका छन्।

बालिका नदीमा डुबेर बेपत्ता भएको सूचनाको आधारमा प्रहरीले खोजी कार्य जारी राखेको प्रहरी निरीक्षक शशिभूषण ठाकुरले बताए।

बालिकाको खोजी कार्यका लागि एनडिआरएफको टोली डुङ्गा लिएर खटेको छ।

समाचार तयार पारुन्जेलसम्म बालिकाको पत्तो लागिसकेको छैन।

# सिमराका पसलहरूमा वाणिज्यको छापा

प्रस, पर्सागढी, १८ असोज/

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण वीरगंजका प्रमुख जीतबहादुर भण्डारीको नेतृत्वमा बाराको जीतपुरसिमरा उपमहानगर अन्तर्गत सिमरा बजारको अनुगमन तथा निरीक्षण गरिएको छ।

अनुगमनको क्रममा खुश्बु सप्लायर्सले म्याद गुज्रेका सामान बिक्रीका लागि राखेको पाइएपछि रु पाँच हजार जरिवाना गरिएको थियो।

सिमराकै अन्य सातवटा पसललाई जनही रु पाँच/पाँच हजार जरिवाना गरिएको इलाका प्रशासन कार्यालय सिमराका नायब सुब्बा साबिर अन्सारीले बताए। उनले आठवटा पसललाई रु पाँच हजार दरले र एउटा पसललाई रु बीस हजार जरिवाना गरिएको बताए।

बारा जिल्लामा रहेका खाद्यान्न पसलहरूमा म्याद गुज्रेका सामानहरू बिक्री भइरहेको सूचनाका आधारमा अनुगमन शुरू गरिएको नासु अन्सारीले बताए।

अनुगमनमा इलाका प्रहरी कार्यालय सिमराका प्रनानि विनोद अधिकारी, उपभोक्ता मञ्चकी अध्यक्ष कमला अधिकारी, सदस्य मञ्जु देवी, पत्रकार लक्ष्मी खरेलगायतको सहभागिता थियो।

## विद्यालयमा चोरी

प्रस, सिम्रौनगढ, १८ असोज/

सिम्रौनगढ नगरपालिका–१० टोल देवापुरटेटास्थित नेराप्राविमा गएराति चोरी भएको छ।

सिम्रौनगढ नगरपालिकाका शिक्षा संयोजक नुराजम सिद्दीकीले विद्यालयमा लगाइएको ताला तोडेर चोरी भएको बताए।

चोर समूहले युनिसेफले उपलब्ध गराएको शैक्षिक सामग्री किताब, कापी, कलम र कटर आदि चोरी गरेको जानकारी गराएका छन्।

# दश किलो चरेससहित दुईजना बालक पक्राउ

प्रस, पोखरिया, १८ असोज/

सशस्त्र प्रहरी बल बोर्डर आउट पोस्ट भिखमपुरको टोलीले जगरनाथपुर गाउँपालिका–२ जानकीटोलाको दसौता सीमानाका क्षेत्रबाट लागूऔषध चरेससहित दुईजनालाई पक्राउ गरेको छ ।



सशस्त्र प्रहरी बल बोर्डर आउट पोस्ट भिखमपुरका सशस्त्र प्रहरी निरीक्षक राजाराम बस्नेतको नेतृत्वमा खटेको गस्ती टोलीले सोमवार बिहान ६ बजे जानकीटोलाको दसौतामा चेकजाँच गर्ने क्रममा मोटरसाइकलबाट दश किलो चरेस बरामद गरेपछि मोटरसाइकल चालक र पछाडि बसेका दुईजनालाई पक्राउ गरेको हो ।

बीसवटा प्याकेटमा आधा/आधा किलोको चरेसको पाकेट बरामद भएको सशस्त्र प्रहरीले जनाएको छ । मोटरसाइकलमा झोलामा चरेस राखेर भारतको इनर्वा बजारतर्फ जाने क्रममा जीराभवानी गापा–३ निवासी १८ वर्षीय सुनील माझी र १६ वर्षीय किसन माझी पक्राउ परेको प्रहरीले जनाएको छ ।

बिआर–२२–एक्स–२७३८ भारतीय नम्बरको मोटरसाइकलबाट माझीद्वयले सो चरेस लाँदै गरेको अवस्थामा पक्राउ परेको र सशस्त्र प्रहरी बल बिओपी भिखमपुरले इलाका प्रहरी कार्यालय पोखरियामा बुझाएको सशस्त्र प्रहरी नायब उपरीक्षक निर्मल थापाले बताए ।

## सिम्रौनगढमा संस्थागत....

प्रशासनले संस्थागतरूपमा तस्करीको लाइन दिएको हो ।

सिम्रौनगढलगायत प्रदेश दुईका सीमावर्ती क्षेत्रबाट तस्करी संस्थागतरूपमा भइरहेको सूचनाको आधारमा प्रदेशका प्रहरी नायब महानिरीक्षक उमेश रञ्जीतकारले घुमुवासहितको प्रहरी निगरानी बढाएका थिए । अहिले पनि प्रदेश प्रहरी, जिल्ला प्रहरी र सिम्रौनगढ प्रहरीले सादा पोशाकमा सूचना सङ्कलनका लागि प्रहरी परिचालन गरेका छन् । तर उनीहरूको उपस्थिति र सूचनामा तस्करी हुनुले प्रहरी प्रशासनको संलग्नता पुष्टि गरेको हो । सीमामा सशस्त्र र जनपद दुवै निकायका सुरक्षाकर्मीहरू तैनाथ छन् । तर पनि तस्करी भइरहेको छ । तस्करहरूको सिम्रौनगढ र भारतको घोडासहन दुवैतर्फ गोदाम छ । उनीहरूले पोकामा पैदल, साइकल, मोटरसाइकलबाट भन्सार छलीका सामानहरू ढुवानी गराउने गर्छन् ।

अहिले सिम्रौनगढबाट रौतहटको कटहरिया, चन्द्रपुर, बाराको कोल्हवी, निजगढसम्म तस्करी गरी सामानहरू पुग्ने गरेका छन् ।

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |


## ‘खोप लगाऔं सुरक्षित रहौं ”

**खोप लगाएपछि पनि**

* मास्कको नियमित प्रयोग गरौं ।
* अत्यावश्यक परे मात्र बाहिर निस्कौं ।
* भीडभाडबाट बचौं ।
* कसैलाई भेट्नै पर्दा दुई मिटरको दूरी कायम गरौं ।
* साबुन पानीले हात धोऔं ।
* साबुन पानी उपलब्ध नभए स्यानीटाइजरको प्रयोग गरौं ।
* शङ्का लागे तुरुन्त स्वास्थ्य परीक्षण गराऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड







## मास्क सचेतना.....

पढाउ, बेटी बचाउ अन्तर्गत पाएको साइकल मात्र भएका छात्राहरू सहभागी गराउनुलाई अन्य संयोग मान्न नसकिने राजनीतिक जानकारहरू बताउँछन् ।

**प्रस, पोखरिया/**

वीरगंजमा मास्क सचेतनाको बहानामा मुख्यमन्त्रीको कार्यालयमा अख्तियारको छापामारीको विरोधमा छात्राहरूको साइकल ¥याली निकालियो भने पोखरियामा नवरात्र पूजाको लागि सचेतना कार्यक्रमको नाममा मुख्यमन्त्रीको बेटी पढाउ, बेटी बचाउ कार्यक्रममा पाएको साइकलसहित छात्राहरूको प्रदर्शन गरिएको थियो ।

पोखरियास्थित शिवमन्दिरबाट निकालिएको छात्रा साइकल ¥याली नगरपरिक्रमा गरी शहीद चन्दन पटेलचोकमा कोणसभा गरी समापन भएको थियो ।

समापन कार्यक्रममा पोखरिया नगरपालिकाकी उपप्रमुख सलमा खातुनले नवरात्रमा शक्तिको सम्पूर्णरूपको पूजा गर्ने तयारी नगरपालिकाले गरेको बताइन् । उनले घरपरिवार र समाज अनि देशले महिलाहरूलाई देवीको दर्जा दिएको तर त्यही देवीविरुद्ध भेदभाव जारी राखेको बताइन् । उनले छोरा सरह छोरीलाई पनि समान व्यवहार गर्न आग्रह गरिन् । जबसम्म घर, समाजमा छोरीलाई छोरा समान अधिकार दिइँदैन, तबसम्म विकास र सभ्य समाजको कल्पना गर्न नसकिने उनले तर्क दिइन् ।

कार्यक्रममा सहभागी छात्राहरूले सबैले महिला अधिकार र बालबालिकाको कुरा गरे पनि व्यवहारमा नदेखिएको बताए । उनीहरूले प्रदेश सरकारले प्रदान गरेको साइकलका कारण आफूहरूलाई उच्च शिक्षा हासिल गर्न ऊर्जा मिलेको दाबी गरे । उनीहरूको यो भनाइ भने प्रायोजितरूपमा प्रस्तुत गराइएको थियो । किनभने अहिलेसम्म छात्राहरूले साइकल प्राप्त गर्दै आए पनि यसरी नाटकीयरूपमा मुख्यमन्त्रीको गुणगानका लागि प्रयोग गरिएको थिएन ।

वीरगंजमा जसपाका नगरप्रमुख सरावगी र पोखरियामा जसपाकी उपप्रमुख खातुनले एकै दिन दुई तरीकाबाट साइकलसहित छात्राहरूको प्रयोग गर्नुलाई संयोग मात्र मान्न सकिन्न ।

# खेलकूदको संसार

## श्रीस्टार क्लब र जनचेतना क्लब विजयी

चिरञ्जीवी सापकोटा, ठोरी, १८ असोज/

ठोरी गाउँपालिका–२ को ब्यारेक खेलमैदानमा जारी दशैंकप–२०७८ अन्तर्गत सोमवार भएको पहिलो खेलमा श्रीस्टार क्लब ठोरी–१ विजयी भएको छ । निर्मल युवा क्लबलाई श्रीस्टार क्लबले शून्यका विरुद्ध दुई गोलअन्तरले पराजित गरेको हो ।




मध्यान्तरपछिको खेलमा निर्मल युवा क्लबका खेलाडीले आत्मघाती गोल गर्दा श्रीस्टारले अग्रता पाएको थियो । त्यसको केही समयपछि श्रीस्टाका सुधीर तामाङले एक गोल गरे । मध्यान्तरअघिको खेलमा श्रीस्टारले पाएको पेनाल्टी गोलमा परिणत हुन सकेन । आजको पहिलो खेलको ‘म्यान अफ दी म्याच’ श्रीस्टारका तामाङ घोषित भएको वनशक्ति युवा क्लबका अध्यक्ष कमल रानाले बताए ।




दोस्रो खेलमा अमृत युवा क्लबलाई जनचेतना क्लबले एकका विरुद्ध दुई गोलअन्तरले हरायो । मध्यान्तरपूर्वको खेलमा अमृत युवा क्लबका सिजल गुरुङले पहिलो गोल गरी टीमलाई अग्रता दिलाएका थिए । मध्यान्तरपछिको खेलमा जनचेतना क्लबका रविन श्रेष्ठले गोल गरी बराबरी गरे । खेलको अन्तिम समयमा जनचेतना क्लबका रविन श्रेष्ठले गरेको गोल आजको खेलको निर्णायक बन्यो । दोस्रो खेलको ‘म्यान अफ दी म्याच’ जनचेतना क्लबका श्रेष्ठ नै घोषित भए ।

आज खेलको खेल हुनुपूर्व रेफ्री लव खत्रीको निधनमा एक मिनेट मौन धारण गरिएको थियो । रेफ्री सङ्घ नेपालका महासचिव रेफ्री खत्रीको आज हृदयघातबाट मृत्यु भएको हो ।

भोलिको पहिलो खेल भूमिबस्ती ठोरी–४ मालीबस्ती र निर्मल समाज क्लब ठोरी–१ बीच हुनेछ । दोस्रो खेल युवा जागृति क्लब ठोरी–२ गौतमनगर र अमृत युवा क्लब ‘बी’ ठोरी–२ सुन्दरबस्तीबीच हुने खेल संयोजक सुनील लामाले बताए ।

## इपिएलमा भैरहवाको विजय

काठमाडौं, १८ असोज/रासस

चौथो संस्करणको एभरेस्ट प्रिमियर लिग (इपिएल) टी–ट्वान्टी क्रिकेट प्रतियोगितामा भैरहवा ग्लाडिएटर्स चितवन टाइगर्सलाई छ विकेटले पराजित गर्दै विजयी भएको छ ।


चितवनले दिएको १६५ रनको विजयी लक्ष्यलाई भैरहवाले १७.५ ओभरमा चार विकेट गुमाएर पूरा गर्‍यो । भैरहवाको



तस्वीर : सौजन्य

जीतमा प्रदीप ऐरीले सर्वाधिक ७२ रनको योगदान गरे । उनले ४३ बलमा तीन छक्का र आठ चौका प्रहार गरे ।

त्यस्तै, तमिम इकबाल ४० रनमा आउट हुँदा उपुल थरङ्गा ३९ रनमा अविजित रहे । रोहित पौडेल छ र आरिफ शेख एक रनमा आउट भए । कुशल मल्ल एक रनमा अविजित रहे । चितवनका लागि करिम जन्नतले सर्वाधिक दुई विकेट लिंदा सागर ढकाल र भीम सार्कीले एक/एक विकेट हात पारे । जारी प्रतियोगितामा चितवनको यो पहिलो हार हो । भैरहवाले भने तेस्रो जीत हात पारेको हो ।



त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस जितेर पहिले ब्याटिङ गरेको चितवनले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर १६४ रन बनाएको थियो । चितवनका लागि करिम जन्नतले सर्वाधिक ३५ रनको योगदान गरे भने मोहम्मद शहजादले ३२ रन जोडे । सिकुगे प्रसन्नाले २४ रन जोड्दा कमलसिंह ऐरी सात रनमा अविजित रहे । भिस सार्की १६, राजेश पुलामी १४, दिलीप नाथ १३, देव खनाल पाँच र खडक बोहरा एक रनमा आउट भए ।

भैरहवाका अविनाश बोहराले सर्वाधिक तीन विकेट लिए भने कुशल मल्लले दुई तथा कृष्ण कार्की, दुर्गेश गुप्ता र धम्मिका प्रसादले एक/एक विकेट लिए । अघिल्ला चार खेल जितेर आठ अङ्क बटुलेको चितवन अङ्क तालिकाको शीर्ष स्थानमा छ । तीन जीतबाट छ अङ्क बटुलेको भैरहवा भने दोस्रो स्थानमा उक्लिएको छ ।